राप्ती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मसुरिया, देउखुरी, दाङ

लुम्बिनी प्रदेश नेपाल


प. सं.२०८१/८२ चलानी नं. २६०६

मिति:२०८२/०१/२६

राप्ती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मसुरिया, देउखुरी-दाङ लुम्बिनी प्रदेश, नेपाल

**श्री वडा कार्यालय (सबै)**
**राप्ती गाउँपालिका, दाङ।**

**विषय: कार्यपालिका निर्णय पठाईएको सम्बन्धमा।**

प्रस्तुत विषयमा यस गाउँकार्यपालिकाको मिति २०८२/०१/२६ गते बसेको बैठकको निर्णय तहाँको जानकारीका साथै आवश्यक कार्यार्थ यसै साथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ।

२०८२/१/२६

**(देविराम पाठक)**
**प्रमुख प्रशासकीय अधिकृत**

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत


Email : raptiruralmunicipality@gmail.com Website : http://raptimundang.gov.np Hello – 082 413077

# आ.व. २०८१|८२ को तेईसौं कार्यपालिका बैठक

आज मिति २०८२|०१|२६ गते राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षतामा तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यस प्रकार छन् ।

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री प्रकाश विष्ट, राप्ती गाउँकार्यपालिका । | | |
| श्री कमलापति चौधरी, राप्ती गाउँपालिका । | | |
| श्री गेमे खड्का, राप्ती गाउँपालिका । | | |
| श्री पहलवान चौधरी, राप्ती गाउँपालिका । | | |
| श्री उमेश अधिकारी, राप्ती गाउँपालिका । | | |
| श्री विर बहादुर चौधरी, राप्ती गाउँपालिका । | | |
| श्री देव प्रसाद चौधरी, राप्ती गाउँपालिका । | | |
| श्री दीपक कुमार चौधरी, राप्ती गाउँपालिका । | | |
| श्री सिताराम चौधरी, राप्ती गाउँपालिका । | | |
| श्री चन्द्र बहादुर गुरुङ, राप्ती गाउँपालिका । | | |
| श्री रिम बहादुर सुनारी मगर, राप्ती गाउँपालिका । | | |
| श्री पार्वती सुबेदी, राप्ती गाउँपालिका । | | |
| श्री चम्फा भुसाल, राप्ती गाउँपालिका । | | |
| श्री रण बहादुर पुजाली सार्की, राप्ती गाउँपालिका । | | |
| श्री गिता चौधरी, राप्ती गाउँपालिका । | | |
| श्री सावित्री चौधरी, राप्ती गाउँपालिका । | | |
| श्री संजिव परियार, राप्ती गाउँपालिका । | | |
| श्री देविराम पाठक, राप्ती गाउँपालिका । | | |

आमन्त्रित सदस्य

प्रदिप सेवाली (प्रमुख नापी कार्यालय, लमही ।

रेशमराज अधिकारी

नारायण न्यौपाने

अखिलाल सुवेदी

राप्ती गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मुसरिया देउखुरी,दाङ

**तेईसौ कार्यपालिका बैठकका प्रस्तावहरु**

१- दोलाई खोलाको भस्कट उत्खनन्  तथा निकासी सम्बन्धमा ।

२ - योजना कार्यान्वयन सम्बन्धमा ( वडा नं. ५)

३ - विपद् सम्बन्धी स्थलगत अवलोकनको प्रतिवेदन सम्बन्धमा ।

४ – भालुवाङ (प्यूठान रोड) बजार व्यवसाय तथा बसपार्क व्यवस्थापन सम्बन्धमा ।

## राप्ती गाउँपालिकाको तेईसौ गाउँ कार्यपालिकाको मिति २०८२।०१।२६ बसेको बैठकका निर्णय

**निर्णय नं. १-** दोलाई खोलाको भस्कट उत्खनन् सम्बन्धमा हाललाई मिति २०८२/०१/२५ गते गाउँ कार्यपालिकाको कार्यालयबाट गरिएको परिपत्र (संघ, प्रदेश र स्थानीय तहका विकास निर्माण आयोजनाका लागि BOQ बमोजिमको परिमाण एकीन गरी वडाबाट तोकिएको जनप्रतिनिधि तथा कर्मचारीहरुको रोहवरमा मात्र) उत्खनन तथा निकासी गर्ने ।

**निर्णय नं. २ -** वडा नं. ५ मा रहेको प्रगतिनगर टोल हुदै कुमारी बैङ्क देखि सर्वोदय मा वि जाने बाटो ढल निकास सहित स्तरोन्नतीको कार्य अगाढी बढाउने ।

**निर्णय नं. ३ -** मिति २०८२/०१/१५ र १६ गते गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्षहरु र कार्यपालिका सदस्यहरुको अनुगमन भ्रमणबाट देखिएका विषय समेटिएको प्रतिवेदन पेश भई अवगत भयो । सो सम्बन्धमा तत्काल आई पर्न सक्ने जोखिम विश्लेषण र स्थलगत रुपमा प्राप्त भएको प्रतिवेदन समेतका आधारमा प्रत्येक वडामा जे.सि.वि. पठाई जोखिम युक्त क्षेत्रको काम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ -** भालुवाङ बजारस्थित प्यूठान रोडमा रहेका फलफूल/ तरकारी लगाएतका सामग्री राखी व्यापार हुँदै आएको र सडकको परिसर ओगटी सडक यातायातका साधनहरुको सवारीमा समेत अवरोध सृजना भएको विषयमा छलफल हुँदा तत्कालै सम्बन्धित निकाय (जिल्ला प्रशासन कार्यालय, सडक डिभिजन कार्यालय र इलाका प्रहरी कार्यालय) लाई जानकारी गराई उल्लेखित व्यवसायलाई त्यहाँबाट हटाउन पहल गर्ने र भालुवाङ बसपार्कलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत